# ब्लात्कार तथा जातीय छुवाछूत बिरुद्धको घटनाका पिडीतहरुको न्यायकोलागि जिल्ला प्रशासन कार्यालय र जिल्ला प्रहरी कार्यालयमा बुझाइएको

# ज्ञापन पत्र

मिति : २०८१ फाल्गुण ८ गते

उपरोक्त सम्बन्धमा सिरहाको नवराजपुर गाउँपालिका वडा नं. १, भगवतीपुर गाउँमा १७ वर्षीया किशोरी रिंकुकुमारी सदायमाथि भएको सामूहिक बलात्कार, घटना गाउँमै दबाउन दुई दुईपल्ट गाउँमै स्थानीय जनप्रतिनिधिहरुको रोहवरमा गरिएको पञ्चायती र शंकास्पद मृत्युको घटनामा हामी मानव अधिकारकर्मीहरुको गम्भिर ध्यानाकर्षण भएको छ ।

त्यसैगरी २०८१ माघ २१ गते लहान नगरपालिका वडा नं. १४ स्थित बस्तीपुर मा.वि. मा कक्षा ९ मा अध्यनरत १६ वर्षीय कृष्ण रामले परम्परादेखि त्यस बिधालयमा ९ कक्षामा अध्यनरत प्रथम बिधार्थी मार्फत सरस्वतीको पुजा गर्ने चलन रहेको थियो । तर पुजाको दिन बिहान ६:३०, ८:४० र ९:३० बजे गरी ३ पटक बिधालयमा गइ पुजामा बस्न दिनकोलागि अनुनय विनय गर्दा समेत बिभिन्न बहाना बनाएर सोही कक्षामा पढने सिम्रन साहद्धारा पुजा गराउनुले नेपालको संबिधानले ग्यारेण्टि गरेको जातीय बिभेद बिरुद्धको हकको गम्भिर हनन भएको समेत हामीले ठहर गरेका छौ ।

सामूहिक बलात्कार जस्तो जघन्य अपराधको घटना कानुनी कारबाहीको प्रकृयामा लैजान सुझाउनु पर्ने जनप्रतिनिधिकै रोहवरमा घटना भएको तेस्रो दिन २९ माघमा गाउँमा गरिएको पञ्चायतीमा पीडितले दिएको बयान बमोजिम घरबाट अपहरण र बलात्कारमा स्थानीय रुपेश मण्डल, चन्दन साह, रामविनय मण्डल संलग्न थिए । घटनापछि गाउँ पुगेर मृतक परिवार, छरछिमेकहरुसँग कुराकानी गर्दा पनि त्यसको पुष्टि नै हुन्छ । नवराजपुर १ का वडा सदस्य नथुनी साह, स्थानीय अगुवाहरु रामप्रित साह, रामकृपाल मण्डल, रामपुकार मण्डलसहित करिब ३०/३५ जनाको समूह

CamScanner

पञ्चायतीमा बसेको देखिन्छ । पञ्चायतीले तोकेको जरिबानाको विषयमा पुनः दोस्रो दिन ३० माघमा भएको पञ्चायतीमा पीडक पक्षबीच नै जरिबाना रकमको विषयमा कुटाकुट भएको पीडित परिवारले अधिकारकर्मीहरुलाई भेटघाटको क्रममा बताएका छन्।

आफूमाथि भएको जघन्य कुकृत्यको कारणले पीडित किशोरी दोस्रो पञ्चायतीको साँझ आफ्नै घरमा शंकास्पद अवस्थामा मृत्यु भएको अवस्थामा भेटिएको घटनाले हामी गम्भिर भएका छौं । त्यसपछि गाउँ पुगेको प्रहरीले घटनास्थल प्रकृति मुचुल्का उठाएर शव पोष्टमार्टमका लागि लहान ल्याएपछि पीडित परिवारले बलात्कार भएको मृतकको बयानको आधारमा पोष्टमार्टम लहान बाहिर गरिनु पर्ने मागप्रति स्थानीय प्रहरीले आलटाल गर्दै मृत्यु भएको तेस्रो दिन २ फागुनमा धरानस्थित वि.पी. कोइराला स्वास्थ्य विज्ञान प्रतिष्ठान पुर्याएको भोलिपल्ट ३ फागुनमा मात्र पोष्टमार्टम भएको छ।

पीडित परिवारको मागलाई सामान्य ढंगले लिएर सामूहिक बलात्कार र शंकास्पद मृत्युको घटनालाई आत्महत्या दुरुत्साहनको जाहेरी लिएर प्रहरीले आफ्नै नियतमाथि प्रश्न गर्ने प्रशस्त ठाउँ दिएको छ । घटना भएको ११ औं दिनसम्म पनि प्रहरीले घटना संलग्न एक जनासम्म आरोपी र पञ्चायतीमा बस्नेहरु कसैलाई पनि पक्राउ गर्न नसक्नुले प्रहरीको नियतमाथि शङ्का गर्ने ठाउँ छ ।

दुवै घटनाहरुको न्यायकोलागि हामी सिरहा जिल्लामा रहेका सबै मानव अधिकारवादी संस्थाहरु तपसिल बमोजिम माँगहरु यथाशिघ्र पुरा गर्नकोलागि ज्ञापन पत्र बुझाउद छौ ।

हाम्रा माँगहरु :

१. नवराजपुर वडा नं. १, भगबतीपुर तमसुइयाका ब्लात्कार सहित शंकास्पद मृत्यु घटनाहरुको निष्पक्ष छानवीन गर्न उच्च स्तरीय छानवीन टोली गठन गरियोस ।

CamScanner

२.लहान नगरपालिका वडा नं. १४, बस्तिपुर मा.वि.मा सरस्वती पुजाको दिन कृष्ण कुमार राममाथि गरिएको जातीय छुवाछूत र उक्त घटना दवाउनकोलागि पिडीत परिवारलाई आवेदन दिन सक्ने वातावरण समेत बिगारिएको घटनाको निष्पक्ष छानवीन गर्न उच्च स्तरीय छानवीन टोली गठन गरी जातीय छुवाछूत तथा विभेदमा संलग्नहरुमाथि कानूनी कार्वाही गरियोस ।

३. सामुहित ब्लात्कार तथा शंकास्पद हत्याको घटनामा संलग्न ३ जना युवकहरु र ब्लत्कारको घटना दवाउन पञ्चायती गरि मिलाउनेहरु माथि उल्लेखित ब्यक्तिहरुलाई तत्काल पक्राउ गरी कानूनी कार्वाही दायरामा ल्याइयोस ।

४. पिडीत परिवारहरुलाई निरन्तर रुपमा धम्की, डर, त्रास देखाइदै आइएकोमा भयरहित ढंगले गाँउमा नै बस्न सक्ने सुरक्षाकोलागि ग्यारेण्टि सहित गाँउमा वस्ने बातारण बनाइयोस ।

५. पञ्चायत मार्फत तोकिएको जरिवाना रकमबाट घरमै पुगेर पचास हजार कमिशन माग्ने अन्यथा जेसुकै हुन सक्छ भन्दै धम्क्याउने रामपुकार मण्डललाई पनि पक्राउ गरी कानूनी कार्वाहीको दायरा ल्याइयोस ।

- मानवअधिकार संरक्षण केन्द्र सञ्जाल, सिरहा
- महिला मानवअधिकार रक्षक सञ्जाल, सिरहा
- नेपाल मानवअधिकार संगठन
- संयुक्त दलित मोर्चा, सिरहा
- जीवन ज्योति समाज
- अपांग पुर्नस्थापना केन्द्र, लहान
- दलित जन कल्याण युवा क्लव, लहान

- समग्र जनउत्थान केन्द्र, लहान
- मुक्ति नेपाल, गोलबजार
- दलित संरक्षण अभियान मञ्च, लहान
- इन्सेक, सिरहा
- दलित समाज सेवा संघ, लाहान
- सहयोगी हात, लहान
- दलित विकास मञ्च, गोलबजार
- नेपाल दलित जागरण केन्द्र
- मेची महाकाली बुहारी संयुक्त आवाज
- ओरेक नेपाल